सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

दिपायल, डोटी

फोन: ०९४-४४०१८७
०९४-४४००१०
इमेल: adddipayal@gmail.com,
add@sudurpashchim.gov.np
Website: add.sudurpashchim.gov.np

## कृषि शिक्षालयसँगको साझेदारीमा पढ्दै कमाउदै कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति: २०८२/०६/३१)

यस निर्देशनालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि शिक्षालयको साझेदारीमा पढ्दै कमाउँदै कार्यक्रम" रहेको हुँदा सुदूरपश्चिम प्रदेशमा रहेका कृषि पढाई हुने अध्ययन संस्थान (कृषि विषयमा जे.टि.ए., जे.टी, प्रमाण पत्र तह, स्नातक र स्नातकोतर तहको कार्यक्रम संचालन गरी रहेका शिक्षालय, प्राविधिक धारको विद्यालय र कृषि कलेज) सँगको साझेदारीमा कृषि विद्यार्थी मार्फत अध्ययन सँगै आयआर्जन कार्यक्रम संचालन गर्नु पर्ने भएकाले कार्यक्रम गर्न इच्छुक अध्ययन संस्थानहरुले तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी सम्बन्धीत जिल्लाको कृषि ज्ञान केन्द्र वा सोझै यस निर्देशनालयमा यो सूचना प्रकाशन भएको मितिले २१ (मिति २०८२/०७/२० गते) दिन भित्र कार्यालय समयमा आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

आवश्यक कागजातहरु तथा शर्तहरु :

१. कृषि विद्यार्थी मार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को अनुसूची २ बमोजिम तयार पारिएको आवेदन फाराम,
२. अनुसूची-३ बमोजिमको संक्षिप्त कार्ययोजना,
३. विद्यार्थिलाई आयआर्जन कार्यक्रममा सहभागी गराउने भनी अध्ययन संस्थानको सञ्चालक समितिको आधिकारिक निर्णय प्रतिलिपि,
४. कृषि सम्वन्धी प्राविधिक शिक्षा अध्यापनका लागि अनुमती पत्रको प्रतिलिपि,
५. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
६. आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
७. लालपुर्जाको प्रमाण पत्रको प्रतिलिपि (जग्गा भाडामा लिएको हकमा न्यूनतम १५ वर्षका लागि प्राविधिक धारका विद्यालयलाई उपलब्ध गराईएको सम्झौता पत्र,
८. प्रस्तावकको लगानी सुनिश्चताका लागी आ.व. २०८२/०८३ को श्रावणदेखि असोज महिनासम्मको अध्ययन संस्थानको बैङ्क खाता कारोवार र सञ्चिति विवरण (बैङ्क स्टेटमेन्ट तथा अन्य निकायको लगानीका लागि प्रतिवद्धता पत्र) र सञ्चालक समितिको निर्णय प्रतिलिपि,
९. कार्यक्रम संचालन गर्ने सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र र स्थानीय तहहरुको सिफारिस पत्र ।

नोटः कृषि विद्यार्थी मार्फत अध्ययन सँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसारका अनुसूची फाराम (अनुसूची २ र ३) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेव साइड molmac.sudurpashchim.gov.np र कृषि विकास निर्देशनालयको वेवसाइट www.add.sudurpashchim.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु स्वतः रद्द हुनेछन् ।

..........................
(टिकेन्द्र कुश्मी)
कृषि प्रसार निर्देशक

नि. प्रमुख